सूचनाको हक सम्वन्धी ऐन, २०६४ को परिच्छेद २, दफा ५ (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०८२ साल वैशाख देखि २०८२ अषाढ मसान्तसम्म)

मधेश प्रदेश सरकार

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र

मधेश प्रदेश, जनकपुरधाम

फोन नं. ०४१-४२४१८३

वेबसाईटःprtc.madhesh.gov.np

ईमेलः prtcjnk@gmail.com

मधेश प्रदेश सरकार प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र जनकपुरधाम, धनुषा, नेपाल

कार्यकारी निर्देशक

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हक सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ मा सबै सार्वजनिक निकायले आ-आफ्नो कृयाकलाप तथा गतिविधिहरु सम्बन्धी विवरण नियमित रूपमा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । सो बमोजिम यस कार्यालयको २०८२ वैशाख १ देखि २०८२ असार मसान्तसम्मको अवधिमा यस केन्द्रबाट सम्पादित मुख्य-मुख्य कार्यहरु आम नागरिकहरुको जानकारीका लागि प्रकाशित गरिएको छ।

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, मधेश प्रदेश

मितिः २०८२/०४/०४

प्रदेश सरकार प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र जनकपुरधाम, धनुषा, नेपाल

कार्यकारी निर्देशक

CamScanner

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, मधेश प्रदेश

- पृष्ठभूमि

➢ नेपालको संविधान २०७२ अनुसार क्रियाशिल तीनै तहका सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्न उनीहरूले काम गर्ने तौर तरिका, योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । जनताको अपेक्षालाई सम्वोधन गर्ने दिशामा सरकारको संस्थागत सुदृढिकरण र मानव संशाधनको क्षमता विकास गर्न आवश्यक छ । मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै सेवाप्रवाह प्रक्रियालाई प्रभावकारी तथा कार्यशैलीलाई सिर्जनशील एवम् परिणाममुखी नवनाएसम्म जनतालाई सङ्घीयताको लाभ महसुस गराउन सकिदैन । प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्रको प्रकृति र कार्य सघनताको हिसाबले कर्मचारीहरूलाई नागरिकप्रति जवाफदेही बनाई प्रभावकारी सेवा र विकासका प्रतिफल समतामूलक तवरले जनतामाझ पुर्याउने हेतुले प्रजातान्त्रिक कार्यसंस्कृतिको विकास गर्न जरूरी छ ।

➢ संघियता लागु भएपछि स्थापना भएका प्रदेश तथा स्थानीय तहहरु संस्थागत रुपमा सवल, प्रजातान्त्रिक, जनउतरदायी भई प्रभावकारी ढंगले सेवा प्रवाह गर्न सक्षम हुन जरुरी छ । नागरिकको जीवनस्तर सुधारका लागि एकिकृत रुपले कार्य गर्न तीनै तहका सरकारवीच सहकार्य र समन्वयका साथ आ-आफ्ना अधिकार र जिम्मेवारी कुशल रूपमा सम्पादन गर्न आजको आवश्यक्ता रहेको छ । यस्तो अवस्थाको निर्माण जननिर्वाचित प्रतिनिधिहरू र विभिन्न पदीय जिम्मेवारीमा रहेका कर्मचारीहरूको क्षमतामा भर पर्दछ ।

➢ उपरोक्त अवस्थालाई दृष्टिगत गर्दै यस केन्द्रले मागमा आधारित र व्यवहारमा प्रत्यक्ष अनुभूत गराउने खालका क्षमता विकास सम्वन्धी गतिविधिहरू सञ्चालन गर्दै आएकोछ । "दक्ष जनप्रतिनिधी र कर्मचारी प्रशासन; दिगो विकास, समृद्धि र सुशासन" को दीर्घकालिन सोंच अनुरुप गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, आवश्यकतामा आधारित परामर्श र ज्ञान व्यवस्थापनको माध्यमले जनप्रतिनिधि तथा कर्मचारी प्रशासनको क्षमता अभिवृद्धि गर्दै व्यवहार परिवर्तन र पेशागत सिप विकासमा सहयोग पुर्याउने संस्थागत मान्यतालाई यस केन्द्रले अगाडी सारेको छ ।

- <u>केन्द्रको मूल्य र मान्यताः</u>

केन्द्रले देहायको संस्थागत मूल्य र मान्यताको अधीनमा रही आफ्नो कार्य सम्पादन गर्नेछः-

(क) लैङ्गिक सामाजिक समावेशीता

(ख) समता र समविकास.

(ग) दिगो विकास र मौसम परिवर्तनका असरहरुको व्यवस्थापन,

(घ) सङ्घीय लोकतान्त्रिक व्यवस्थाका मूल्य र मान्यता ।

प्रदेश सरकार प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र जनकपुरधाम, धनुषा, नेपाल

कार्यकारी निर्देशक

CamScanner

- <u>केन्द्रको काम, कर्तव्य र अधिकार</u>

क) केन्द्रको वार्षिक तथा आवधिक योजना तर्जुमा गर्ने,

ख) प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीलाई प्रदान गरिने प्रशिक्षणको आवश्यकता आँकलन गर्ने

ग) प्रशिक्षणको पाठ्यक्रम तथा प्रशिक्षण सामाग्री तयारी र कार्यतालिका निर्धारण

घ) प्रदेश र स्थानीय तहका जनप्रतिनिधि संगठित संस्था तथा सरकारी संस्थामा कार्यरत कर्मचारीको कार्यक्षमता र व्यवसायिक दक्षता अभिवृद्धि गर्ने आवश्यक तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठी, सेमिनार, अन्तरक्रिया, अनुभव आदान प्रदान तथा यस्तै किसिमका अन्य कार्यक्रम सञ्चालन गर्ने,

ङ) प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कार्मचारीको लागि सेवा प्रवेश तथा सेवकिन तालिम सञ्चालन गर्ने,

च) प्रदेश निजामती सेवा तथा स्थानीय सेवाबाट सेवा निवृत हुन लागेका कर्मचारीको भावी कर्ययोजना सम्बन्धमा प्रशिक्षण प्रदान गर्ने,

छ) क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार, स्थानीय तह, प्रशिक्षण प्रतिष्ठान, निजी क्षेत्र, गैरसरकारी संघ/संस्थासँग समन्वय र सहकार्य गर्ने,

ज) शासकिय प्रबन्ध, व्यवस्थापन र विकास लगायतका विषयमा अनुसन्धानमूलक कार्य गर्ने,

झ) केन्द्रको कार्यक्षेत्र भित्र पर्ने विषयमा परामर्श सेवा उपलब्ध गराउने,

ञ) क्षमता विकास सम्बन्धी कार्यक्रमको मूल्याङ्कन गर्ने,

ट) साझेदारीमार्फत सञ्चालन गर्न उपयुक्त हुने प्रशिक्षण कार्यक्रमको सन्दर्भमा संग र स्थानीय तहसँग साझेदारी गर्दै कार्यक्रम सञ्चालन गर्ने,

ठ) प्रदेश सरकारले समय समयमा तोकि दिएको अन्य कार्य गर्ने ।

कार्यकारी निर्देशक

- स्वीकृत संगठन संरचना



- महाशाखा तथा अन्तर्गतका शाखाहरु



- महाशाखा तथा शाखाहरुलाई तोकिएका जिम्मेवारीहरु

१) क्षमता विकास, नीति र अनुसन्धान महाशाखा

क) योजना तर्जुमा र पाठ्यक्रम विकास महाशाखा

✓ रणनितिक, आवधिक र वार्षिक योजना र बजेट तयारी गर्ने र स्वीकृत गराउने ।

✓ राष्ट्रिय नीति, सिद्धान्त, मापदण्ड र गणस्तर निर्धारणभित्र रही आवश्यकताका आधारमा पाठ्यक्रम र प्रशिक्षण सामाग्रीको तयारी गर्ने ।

✓ प्रशिक्षक र प्रशिक्षण प्रदान गरी प्रविधि हस्तान्तरण गर्ने

✓ प्रदेश र स्थानीय तहमा गुणस्तर नियन्त्रण गर्न नियमनकारी निकायको भूमिका निर्वाह गर्ने

✓ संघ र प्रदेश स्तरीय निकायसवग पाठ्यक्रम विकास, मापदण्ड र गुणस्तर निर्धारणमा समन्वय र सहकार्य गर्ने ।

ख) अनुसन्धान र ज्ञान व्यवस्थापन शाखा

✓ मापदण्ड, गुणस्तर र पाठ्यक्रम सुधारका लागि कार्यमूलक र विषयगत अनुसन्धान गर्ने ।

✓ अनुगमन, ल्याङ्कम र प्रणालीगत सुधारका लागि प्राविधिक सहयोग दिने ।

✓ अनुभव आदान- प्रदान गर्ने र सिकाई संस्थागत गर्ने ।

✓ ज्ञान व्यवस्थाइनका सिद्धान्तका आधारमा प्रदेश स्तरको स्रोत केनन्द्र र विद्वत संस्थाको कार्य गर्ने ।

✓ प्रदेश तहमा विषयगत क्षेत्रमा नीतिगत वहस र प्राविधिक सहयोग गर्ने ।

✓ नीति निर्माण तहमा सहभागिता र मार्गदर्शनका लागि विककल्पहरुको तयारी गर्ने ।

✓ सञ्चार माध्यमसँग सहकार्य गरी विचार निर्माणमा योगदान गर्ने ।

ग) प्रशिक्षण तथा क्षमता विकास शाखा

कार्यकारी निर्देशक

- ✓ जनप्रतिनिधि र कर्मचारीलाई आवश्यक्ता अनुसार विषयगत क्षेत्रमा प्रशिकक्षण र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कार्मचारीको सेवा प्रवेश र सेवाकालीन प्रशिक्षण सञ्चालन गर्ने ।

२) व्यवस्थापन र प्रविधिक सहयोग महाशाखा

क) प्राविधिक सहयोग र सहकार्य शाखा

- ✓ प्रशिक्षणका लागि साझेदारहुरसँग सहकार्य र समन्वय गर्ने ।
- ✓ स्थानीय तहहरुको क्षमता विकास र कार्यक्रम सञ्चालनमा प्राविधिक सहयोग गर्ने ।
- ✓ प्रदेश सरकार र स्थानीय तहलालई प्राविधिक सल्लाह, सुझाव र सहयोग गर्ने ।
- ✓ साझेदारीमा कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने ।
- ✓ प्रदेश र स्थानीय तहमा रहेका संस्थालाई सहयोग र मार्गदर्शन गर्ने ।
- ✓ संघ, प्रदेश र स्थानीय तहका विषयगत सुशासन केन्द्रसँग प्रशिक्षण सञ्चालनमा समन्वय र सहकार्य गर्ने ।
- ✓ संघीय, प्रदेश सरकार र स्थानीय तहवाट प्राप्त क्षमता विकास सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने ।

ख) व्यवस्थापन शाखा

- ✓ आन्तरिक व्यवस्थापनसँग सम्बन्धित सम्पुर्ण कार्य गर्ने ।
- ✓ कार्यक्रम सञ्चालनका लागि आवश्यक सहयोग गर्ने ।
- ✓ कर्मचारीको र कार्यक्रमगत जनशक्तिको अभिलेख राख्ने ।
- ✓ प्रशासनसँग सम्वन्धित तोकिएका अन्य सम्पुर्ण कार्य गर्ने ।

ग) आर्थिक प्रशासन शाखा

- ✓ आर्थिक प्रशासनका सामान्य सिद्धान्त र कानून अनुसार आम्दानी र खर्चको पार्दर्शी रुपमा अभिलेख राख्ने ।
- ✓ आवधिक प्रतिवेदन तयार गरती पठाउने ।
- ✓ आर्थिक प्रशासन सम्बन्धी सम्पुर्ण र तोकिएका कार्य गर्ने ।

कार्यकारी निर्देशक

- केन्द्रमा कर्मचारी पदपूर्तिको अवस्था

पद	तह	सेवा/समूह	स्वीकृत दरवन्दी संख्या	पदपूर्ति		रिक्त	कैफियत
				दरवन्दी	कामकाज		
१	९/१०	प्रशासन	२	०	०	२	
२	७/८	प्रशासन	५	३	०	२	
३	७/८	लेखा	१	१	१	०	
४	६/५	प्रशासन	५	४	०	१	
५	५/६	सूचना प्रविधि	१	१	०	०	
६	४	सहलेखापाल					काजमा कार्यरत

हाल कार्यालयमा कार्यरत कर्मचारी विवरण

सि.नं.	नाम	पद	तह	सेवा/समूह	महाशाखा/शाखा/ईकाइ	कैफियत
१	राजन कुमार झा	शाखा अधिकृत	७	प्रशासन	योजना तर्जुमा तथा पाठ्यक्रम विकास शाखा	
२	जितेन्द्र प्र. यादव	लेखा अधिकृत	८	लेखा	आर्थिक प्रशासन	
३	आयुश शर्मा घिमिरे	शाखा अधिकृत	७	प्रशासन	प्रशासन शाखा	
४	मो. नसाद हुसेन	शाखा अधिकृत	७	प्रशासन	प्राविधिक सहयोग र सहकार्य शाखा अनुसन्धान र ज्ञान व्यवस्थापन शाखा	
५	सविन्द्र यादव	कम्प्युटर अधिकृत	६	सूचना प्रविधी	जिन्सी शाखा	
६	मनोज कुमार झा	स.शा.अ.	६	प्रशासन	प्रशिक्षण तथा क्षमता विकास शाखा	
७	विजय कुशावाहा	नायव सुब्बा	५	प्रशासन	व्यवस्थापन शाखा	
८	सगिर मियाँ	नायव सुब्बा	५	प्रशासन	प्राविधिक सहयोग र सहकार्य शाखा अनुसन्धान र ज्ञान व्यवस्थापन शाखा	
९	दिगम्बर सिहं	सहलेखापाल	४	प्रशासन	आर्थिक प्रशासन, प्रशिक्षण तथा क्षमता विकास शाखा	काजमा कार्यरत

निर्णय गर्ने प्रक्रिया र अधिकार

- प्रक्रियाः आवश्यकता अनुसार कर्मचारी बैठक, सम्बन्धित शाखा प्रमुखको राय र टिप्पणी विधिको प्रक्रिया अपनाइने

कार्यकारी निर्देशक

CamScanner

• बजेट तथा कार्यक्रम कार्यान्वयन अधिकारः कार्यकारी निर्देशक

निर्णय उपर उजुरी सुन्ने अधिकारी

नाम: सतार अंसारी

पदः कार्यकारी निर्देशक

सम्पादन गरेको कामको विवरण

केन्द्रले आ.व. २०८१।८२ को चौथो त्रैमासिक अवधि (मिति २०८२।०१।०१ देखि मिति २०८२।०३।३२) सम्म गरेका कामको विवरण तपसिल बमोजिम रहेको छ ।

तपसिलः

१. कर्मचारीको आन्तरिक खटनपटन र जिम्मेवारी प्रदान
२. कर्मचारीको बैठक संचालन
३. कार्यसम्पादन मूल्यांकन सम्बन्धि कार्यहरु
४. करार सेवाका कर्मचारीहरुको म्याद थप, खटनपटन
५. दैनिक प्रशासनिक कामकाज, पत्रव्यवहार
६. केन्द्रमा कार्यरत कर्मचारीहरुको अभिलेख व्यवस्थापन

संचालन गरिएका प्रशिक्षण कार्यक्रमहरु

क. प्रादेशिक निकायका सहायक स्तार पाँचौ तहका कर्मचारीहरुको लागि ३० कार्यदिने सेवाकालिन तालिम संचालन ।

ख. विभिन्न स्थानिय तहका रोजगार सेवा केन्द्र र योजना शाखाका कर्मचारीहरुको लागि स्थानिय आर्थिक विकास योजना तर्जुमा तथा आर्थिक सर्वेक्षण सम्बन्धि तालिम संचालन ।

ग. स्थानिय सरकारको नतिजामुखी योजना तर्जुमा सम्बन्धि क्षमता विकास कार्यशाला संचालन ।

घ. लैगिंक उत्तरदायी वजेट, लैगिंक समानता तथा सामाजिक समावेशीकरणका लागि स्थानिय सरकारको भूमिक विषयक अन्तरक्रिया कार्यक्रम संचालन ।

ङ. विभिन्न स्थानिय तहका उपप्रमुख तथा उपाध्यक्षहरुको सिकाइ आदान प्रदान अन्तरक्रिया कार्यक्रम संचालन ।

च. विभिन्न स्थानिय तहमा कार्यरत इन्जिनियरहरुका लागि Structural Design and Autocad सम्बन्धि क्षमता विकास तालिम संचालन ।

कार्यकारी निर्देशक

CamScanner

छ. विभिन्न स्थानिय तहका सूचना प्रविधि अधिकृतहरुलाई सूचना प्रविधिमा आधारित सेवा प्रवाह सम्बन्धि तालिम संचालन ।

ज. विभिन्न स्थानिय तहका महिला कार्यालिका सदस्य, दलित तथा अलपसंख्यक समूहका सदस्यहरुको लागि रुपानतरणीय नेतृत्व विकास सम्बन्धि क्षमता विकास तालिम संचालन ।

झ. विभिन्न स्थानिय तहमा व्यक्तिगत घटना दर्ता र पञिकरण सम्बन्धि तालिम संचालन ।

ञ. विभिन्न स्थानिय तहका लै.स.सा.स सम्पर्क व्यक्तिहरुको क्षमता विकास सम्बन्धि तालिम संचालन ।

कार्यालय प्रमुख तथा सूचना अधिकारीको नाम पद

कार्यालय प्रमुख: सतार अंसारी, कार्यकारी निर्देशक

सूचना अधिकारी: आयुश शर्मा घिमिरे, शाखा अधिकृत

ऐन नियम वा निर्देशिकाको सूचि

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र (स्थापना तथा कार्य संचालन) आदेश, २०७८

कार्यालयको वेबसाइट

यस केन्द्रको वेबसाइट ठेगाना https://prtc.madhesh.gov.np/ रहेको छ । यस वेबसाइटमा यस केन्द्रसँग सम्बन्धित सूचना, जानकारी, नीति, नियम, ऐन, कानूनहरू उपलब्ध रहेका छन् ।

कार्यकारी निर्देशक

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र

CamScanner